दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ९१ | बुटवल | २०८१ चैत १५, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Mar. 28, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## आज काठमाडौंमा गणतन्त्रवादी र राजावादीको शक्ति प्रदर्शन

बुटवल । आज काठमाडौंमा गणतन्त्रवादी र राजावादीले शक्ति प्रदर्शन गर्दैछन् । उत्यकाका विभिन्न ठाउँहरुबाट नारा जुलुससहित सभा गर्ने उनीहरुको तयारी छ ।

गणतन्त्रवादीको नेतृत्व समाजवादी मोर्चा (माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र विप्लव नेतृत्वको नेकपा)ले गरेका छन् ।

राजावादीहरुको नेतृत्व पूर्वपञ्च ८६ वर्षीय नवराज सुवेदीले गरेका छन् । तर प्रदर्शनको कमाण्डर भने मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई तोकिएको छ ।

गणतन्त्रवादी र राजावादीलाई सकेसम्म आमने-सामने हुनै नदिन दुवै पक्षलाई प्रदर्शन गर्नका लागि अलग-अलग ठाउँ तोकिएको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीका अनुसारसमाजवादी मोर्चालाई प्रदर्शनीमार्गमा र राजावादीहरुलाई तीनकुनेमा सभा गर्ने ठाउँ नै तोकिएको छ ।

काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख तथा एआईजी टेकबहादुर तामाङका अनुसार आज २५ सय प्रहरी खटाइने छ । आवश्यकता अनुसार यसको संख्या समेत बढ्न सक्ने उनी बताउँछन् ।

## ३० हजार घुससहित इन्स्पेक्टर पक्राउ

बुटवल । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस रकमसहित रुपन्देहीमा कार्यरत एक जना प्रहरी नायब निरीक्षक (सई) लाई नियन्त्रणमा लिएको छ ।

बुटवलस्थित अख्तियार कार्यालयबाट खटिएको टोलीले प्रहरी चौकी हाटी वनगाई दुर्गौलियामा कार्यरत सई खिमबहादुर खड्कालाई ३० हजार रुपैयाँ घुस रकमसहित नियन्त्रणमा लिएको हो ।

रुपन्देहीको दुर्गौलिया नाका हुँदै भारतबाट अवैधरूपमा घरायसी सामान भित्र्याउन सहजीकरण घुस लिइसकेको अवस्थामा खड्कालाई मायादेवी गाउँपालिका-६ बाट बुधबार नियन्त्रणमा लिएको अख्तियारले जनाएको छ ।

खड्कामाथि थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ ।

## दुई पार्टीले चाहेर संविधान संशोधन हुँदैन : गृहमन्त्री

भैरहवा । गृहमन्त्री रमेश लेखकले एक दुई पार्टीले चाहेर संविधान संशोधन गर्न नसकिने बताएका छन् ।

नेपाली कांग्रेस क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर ३, रुपन्देहीले बिहीबार भैरहवामा आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री लेखकले पार्टीहरुको बिचमा व्यापक संवाद र छलफल गरेर सहमतिको वातावरण बनाएर पहिचान गरेको विषयवस्तुमा कहाँ कहाँ संशोधन गर्ने हो संशोधन गरेर अगाडि बढ्ने बताए । उनले भने-'यो काम चरणबद्ध रुपले गर्नुपर्छ भोलि बिहानै गरिने होइन १० वर्षको अभ्यासमा सबल र दुर्बल पक्षको पहिचान गरी सबैदलहरुको बिचमा विचार विमर्श गरी साझा अवधारणा बनाई सोहीअनुसार वैधानिकता प्रक्रियालाई प्रारम्भ गरिने छ ।'

कांग्रेसका केन्द्रीय सदस्य समेत रहेका नेता लेखकले कांग्रेसको नेतृत्वमा यो संविधान बनेको र संविधान र यो व्यवस्था जोगाउन सबैभन्दा ठूलो दायित्व कांग्रेसको नै भएको दाबी गरे ।

गृहमन्त्री रमेश लेखकले लोकतन्त्रको विकल्प निरंकुशता हुनै नसक्ने दाबी गरे ।

» *बाँकी ३ पेजमा*

# पूर्व राष्ट्रपति भण्डारी तीन दिन रूपन्देहीमा



**लुम्बिनी संवाददाता**
*भैरहवा*

पूर्व राष्ट्रपति विद्या भण्डारी विभिन्न कार्यक्रममा सहभागी हुन रुपन्देही आएकी छिन् । उनी तीन दिनसम्म रुपन्देही बस्ने कार्यक्रम रहेको छ ।

भण्डारी भैरहवा आउँदा उनलाई एयरपोर्टदेखि भैरहवास्थित होटल सिद्धार्थ भिलासासम्म ल्याउन एमाले नेता-कार्यकर्ताहरू पुगेका थिए ।

बिहीबार बिहान काठमाडौंबाट भैरहवा ओर्लिएकी पूर्वराष्ट्रपति भण्डारी बिहीबार साँझ पाल्पाको तिनाउ गाउँपालिका ३ बसन्तपुरस्थित प्रख्यात शक्तिपीठ कामाख्या देबी मन्दिर दर्शन गरेकी छिन् । उनी लुम्बिनी केबलकारको यात्रा गरी कामाख्या देवी मन्दिर पुगेकी हुन् ।

मन्दिरमा दर्शनपछि मूल पुरोहित सुरेश शर्मा पौडेलबाट टिका र प्रसाद ग्रहणपछि पूर्व राष्ट्रपति भण्डारी भैरहवा फर्केकी छिन् । भण्डारी भैरहवास्थित पाँचतारे होटेल सिद्धार्थ भिलासामा बस्ने छिन् ।

पूर्व राष्ट्रपति भण्डारी मन्दिर दर्शनका लागि आउँदा नेकपा एमालेका केन्द्रीय स्तरका नेता र जिल्ला तथा प्रदेका जनप्रतिनिधिको बाक्लो उपस्थिति थियो । पूर्व राष्ट्रपति भण्डारीलाई लुम्बिनी केबलकारका स्थानीय लगानीकर्ता तेजप्रसाद सुनार,अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूलगायतले स्वागत गरेका थिए ।

भण्डारीसँग नेकपा एमालेकी सचिव एवं लुम्बिनी इञ्चार्ज पद्मा अर्याल, लुम्बिनीका पूर्व मुख्यमन्त्री एवं पोलिटब्युरो सदस्य लिला गिरी, पूर्व राष्ट्रियसभा सदस्य खिमलाल भट्टराई, पूर्व प्रदेशसभा सदस्य दधिराम न्यौपाने, प्रदेशसभा सदस्य जानकी न्यौपाने, जिल्ला अध्यक्ष यज्ञ गैरे, बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख सावित्रा अर्याल, सिद्धार्थनगरकी उप-प्रमुख उमा अधिकारी, बुटवलकी पूर्व उप-प्रमुख गोमा आचार्यलगायत उपस्थित थिए ।

सिद्धार्थ भिलासामा लुम्बिनी प्रदेशका अध्यक्ष राधाकृष्ण कँडेल, प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरे, कृष्णगोपाल श्रेष्ठलगायत आएका थिए । शुक्रबार लुम्बिनी विकास क्षेत्रमा निर्माण गरिने बिहारको शिलान्यास गर्ने र शनिबार यस क्षेत्रका महिला जनप्रतिनिधिसँगको अन्तरसंवाद भए पनि त्यसअघि उनले नेकपा एमालेको विभिन्न तहमा रहेका नेता-कार्यकर्ताहरूसँग भेटघाट सुरु गरेकी छिन् । अहिलेसम्म खुलेर एमालेको राजनीतिमा नदेखिए पनि उनले भित्रभित्र आफ्नो पक्षमा माहोल बनाइरहेको एमाले नेताहरूले नै सार्वजनिक गरिरहेका छन् ।

भण्डारीले भैरहवामा रहँदासम्म लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका अध्यक्ष, यहाँका केन्द्रीय सदस्य, प्रभावशाली नेताहरू, युवा, विद्यार्थी र महिला संघका नेताहरूसँग छलफल गर्ने बताइएको छ ।

भण्डारी शुक्रबार बुद्धजन्मस्थल लुम्बिनीमा हुने कार्यक्रममा सहभागी हुने छिन् भने शनिबार भैरहवामा लुम्बिनी प्रदेशका स्थानीय र प्रदेशका महिला जनप्रतिनिधिको महिला सशक्तिकरण कार्यक्रममा सहभागी हुँदैछिन् । भैरहवाको कार्यक्रम पूर्व राष्ट्रपति भण्डारीकै सुझावअनुसार राखिएको नेकपा एमालेबाट निर्वाचित रुपन्देहीकै एक पालिकाकी उप-प्रमुखले बताइन् ।

सिद्धार्थनगर नगरपालिकाको आयोजनामा हुने महिला नेतृहरूबिचको अन्तरसंवाद कार्यक्रममा नेपाली कांग्रेसको तर्फबाट केन्द्रीय सदस्य गङ्गा शाही, नेकपा (एमाले) बाट पार्टी केन्द्रीय सचिव तथा पूर्वमन्त्री पद्मा अर्याल र नेकपा (माओवादी केन्द्र) को तर्फबाट पूर्व सञ्चारमन्त्री रेखा शर्मा वक्ताको रूपमा आमन्त्रण गरिएको छ । कार्यक्रममा लुम्बिनी प्रदेशका महिला सांसद, स्थानीय तहका महिला प्रमुख उपप्रमुख, महिला अध्यक्ष, उपाध्यक्ष, महिला वडाध्यक्ष र महिला कार्यपालिका सदस्यलाई आमन्त्रण गरिएको अयोजक सिद्धार्थनगर नगरपालिकाकी उप-प्रमुख उमा अधिकारीले बताइन ।

महिला जनप्रतिनिधिबिच कार्य सम्पादनमा आइपरेका समस्या, समाधान, उपलब्धि, भावी सम्भावनालगायतका विषयमा केन्द्रित रहेर अन्तरसंवाद कार्यक्रमको आयोजना गरिएको सिद्धार्थनगर नगरपालिकाले जनाएको छ ।

भण्डारी १७ गते काठमाडौं फर्किने तालिका छ ।

# सरकाकारविरुद्ध विपक्षीको मोर्चाबन्दी



बुटवल । विद्युत् प्राधिकरणबाट कुलमान घिसिङलाई हटाउने सरकारको निर्णयको विरोधमा विपक्षी दलले मोर्चाबन्दी गरेका छन् । विपक्षीको विरोधले बिहीबार संघीय संसदका दुवै बैठक बस्न सकेन । विपक्षीले प्रधानमन्त्रीले रोष्टमबाट जवाफ दिनुपर्ने माग राख्दै बुधबार संसद बैठक अवरुद्ध गरेपछि बिहीबारको बैठक बस्न नसकेको हो । प्रधानमन्त्री ओली संसदमा जवाफ दिने मुडमा छैनन् ।

प्रतिनिधिसभाको बैठक बिहीबार बस्दै नबसी शुक्रबारसम्मको लागि सूचना टाँस गरेर स्थगित भयो भने राष्ट्रियसभा पनि विपक्षीको अवरोधको कारणले अघि बढ्न सकेन । सडकमा अलग अलग बाटोमा उभिए पनि कुलमानको विषयमा भने सदनमा एकैठाउँमा उभिएका छन् । सडकमा भने राजावादी र गणतन्त्रवादी दलहरुले एकअर्काका विरुद्ध शक्ति प्रदर्शन गर्दैछन् ।

बुधबार एउटा कर्मचारी हटाइयो, अर्को नियुक्ति गरियो सकियो भन्ने जवाफ दिएका ओलीले बिहीबार कुनै इस्युबिना नै संसद अवरुद्ध पारेको आरोप लगाए । अध्यादेशहरू १८ गतेभित्र राष्ट्रपतिबाट हस्ताक्षर नभए कानुनविहीनतामा देश फस्ने भएकाले विपक्षी दलहरुले सदन रोकेको उनको भनाइ छ । उनले विपक्षी दलहरुले चिसै पानीमा नुहाउनुपर्ने भएकाले धेरै उत्तेजित नहुन चेतावनी दिए ।

सरकारको निर्णयविरुद्ध कुलमान सर्वोच्च अदालत गइसकेका छन् । एमालेका प्रमुख सचेतक महेश बर्तौलाले विपक्षी दलहरुले सदनमा अवरोध गरेर अदालतलाई प्रभावित पार्न खोजेको बताए ।

संसद भवन परिसरमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै कुलमान बर्खास्तीको विषय अदालतको क्षेत्राधिकारभित्र प्रवेश गरिसकेको प्रतिपक्षी दलहरुले संसद अवरोध गर्नु संविधान विपरीत भएको उनको भनाइ छ ।

'प्रतिपक्षी दलहरुले उठाएको विषयमा सरकार जवाफ दिन तयार छ । तर, व्यक्ति विशेषको जवाफ माग गर्नु बेठिक हो । प्रधानमन्त्रीले जवाफ दिनुहुन्न । विभागीय मन्त्री वा उपप्रधानमन्त्रीले जवाफ दिने जानकारी गराएपनि विपक्षी दलले अस्वीकार गरेका छन् ।'–उनले भने ।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले पनि अदालतमा विचाराधीन विषयमा अनावश्यक बखेडा झिकेको बताए ।

उनले भने-'संसद प्रतिपक्षले अवरुद्ध गरेको छ र प्रधानमन्त्रीले संसदमा जवाफ दिनुपर्छ भनेको छ । यसबारेमा मेरो टिप्पणी के छ भने यो विषय अब अदालतको विषय भइसक्यो । सम्मानित अदालतमा गइसकेको विषयमा संसद अवरोध गर्नु उचित हुँदैन ।'

माओवादीका सांसद सुदन किराँतीले विद्युत् प्राधिकरणबाट कुलमान घिसिङलाई हटाउने निर्णयको सरकारले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिए ।

'राजनीतिक प्रतिशोधकै कारणले हटाइएको छ । त्यसैले संसदमा आएर प्रधानमन्त्रीले जवाफ त दिनुपर्यो । प्रधानमन्त्रीले जवाफ दिएपछि हामी सोचौंला । उहाँबाट चित्तबुझ्दो जवाफ दिनुपर्यो । प्रधानमन्त्रीले जवाफ नदिएसम्म अवरोध हट्दैन । चल्न दिँदैनौं ।'–उनले भने ।

राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले कुलमानबारेको निर्णयको स्पष्टीकरण प्रधानमन्त्रीले संसदमा आएर दिनुपर्ने बताए । उनले भने-'प्रधानमन्त्रीको कुर्सीमा बसेपछि देश र जनताको आवाजमा प्रधानमन्त्रीले जवाफ दिनैपर्छ । हामीले संविधान र संसदको नियमावलीमा स्पष्ट लेखेका छौं । सरकार संसदप्रति उत्तरदायी हुने भनेर, त्यो लेखिसकेपछि संसदमा उठेको प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनुपर्छ । बाहिर गएर जवाफ दिने होइन । संसदको रोष्ट्रमबाटै दिनुपर्छ, हामीलाई चाहियो ।'

उनले सरकारले विद्युत् प्राधिकरणको बक्यौता रकम नउठाउने षड्यन्त्र गरेर कुलमानलाई हटाएको आरोप लगाए ।




# सम्पादकीय

## आशा जगाउने उद्योगी

विद्युतीय तार उत्पादनमा अग्रणी लिट्मस केबल उद्योगले आयात प्रतिस्थापन गर्नेगरी नेपालकै पहिलो आल्मुनियम रड प्लाण्ट सञ्चालनमा ल्याएको छ । पश्चिम नवलपरासीको रामग्राममा स्थापना भएको उद्योगले वार्षिक २० हजार मेट्रिकटन आल्मुनियम रड उत्पादन गरी आयात पूर्ण विस्थापित गरी निर्यात समेत गर्ने योजना बनाएको छ । औद्योगिक वातावरण नभएको भन्दै उद्योगी निराश भएका बेला निर्यात समेत गर्ने गरी ठूलो लगानीमा उद्योग स्थापना हुनुलाई सकारात्मक मान्नुपर्छ ।

अहिले नेपालमा ८ हजार मेट्रिकटन आल्मुनियम रड भारत र थाइल्याण्डबाट आयात भइरहेको छ । उद्योगले वार्षिक २० हजार मेट्रिकटन आल्मुनियम रड उत्पादन गर्ने लक्ष्य लिएकाले आयात प्रतिस्थापन हुने नै छ, निर्यात पनि हुनेछ । बुटवल औद्योगिक क्षेत्रमा सञ्चालन भइरहेको लिट्मस केबल इण्डष्ट्रिजले अन्तर्राष्ट्रिय गुणस्तरको विद्युत् तार, केबल र कण्डक्टर निर्माण गर्दै आएको छ । लिट्मसले उत्पादन गरिरहेको विद्युत् तार, केबल र कण्डक्टरले मुलुकमा भइरहेको विद्युत् तार आयातलाई प्रतिस्थापन गरेको छ । मुलुकलाई विद्युत् तारमा आत्मनिर्भर बनाएको छ । बुटवल औद्योगिक क्षेत्रभित्रको दुई बिघा क्षेत्रफल लिट्मसलाई अपर्याप्त भएपछि रामग्राममा नयाँ प्लान्ट सुरु गरेको उद्योगीले बताएका छन् । पहिले ४ सय केभीए कण्डक्टर तार आयात गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने, त्यसपछि नेपालमा आवश्यक सबै प्रकारका हाइटेन्सन कण्डक्टर उत्पादन गरेर आयात प्रतिस्थापन गर्ने उद्योग सञ्चालकको योजना छ ।

स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न र उद्योगको क्षमता विस्तारका लागि सरकारले आवश्यक नीतिगत सुधार पनि गरेको छ । सरकारले व्यवसायिक वातावरण बनाउन एक दर्जन कानुन संशोधनदेखि स्वदेशी बस्तुको प्रवर्द्धन गर्न निर्देशिका ल्याएको छ । कानुन संशोधन र स्वदेशी वस्तुको प्रवर्द्धन गर्न निर्देशिकाले औद्योगिक वातावरणको ढोका खोलेकाले निराशा हैन, अपार संभावना छ भन्ने मानसिकताले उद्योगीले नयाँ संभावनाको खोजी गरी लगानी बढाउनुपर्छ ।

मुलुकमा केही भएको छैन्, केही हुँदैन, गर्नका लागि वातावरण छैन भन्ने भाष्य निर्माण गरेर निराशाको खेती गर्नेहरुका लागि उद्योगी रोहित गुप्तासहितको अग्रसरताले दरिलो जवाफ दिएको छ । सरकारले नीतिगत सुधार गरेकोले उद्योगीले चाहे गर्न सक्छन् भन्ने सन्देश दिन सफल भएका छन्, उद्योगी गुप्ता । सरकारले आयात प्रतिस्थापन गर्ने र उत्पादन निर्यात गर्ने उद्योगको कच्चा पदार्थ आयातमा सहुलियत दिने र स्वदेशी उद्योगबाट उत्पादित वस्तुको बजार सुनिश्चित गर्न आयात हुने सामानमा भन्सार कडाइ अपरिहार्य छ ।

# बेमौसमको बाजा



**विन बहादुर कुँवर**

*गणतन्त्र र राजावादीबिचको यो तनावपूर्ण अवस्थामा सरकारले फेरि अर्को विवाद उठाएर अर्को समस्या खडा गरेको छ । जसको विरुद्ध अहिले देशव्यापी सडकदेखि सदनसम्म आवाज उठेको छ । सरकार खासगरी कांग्रेस एमालेका विरुद्ध आम दल यतिसम्मकि पूर्व पञ्चे-राजावादी सब एक भई आन्दोलित बन्न थालेका छन् । यसले गणतन्त्र विरोधीको माहोललाई अन्यत्र मोडन थालेको छ । कतै यसले पूर्व राजा र राजावादीहरुलाई फाइदा पुऱ्याउने त होइन ? हेक्का राखौं, एउटा सामान्य विद्यार्थीको माग पछि उठेको आन्दोलनको भेलले बंगालादेशमा के भयो ?*

वर्तमान चालु संघीय गणतन्त्रको पक्ष र विपक्षमा अहिले देशमा व्यापक चर्चा परिचर्चा हुन थालेको छ । चर्चा मात्रै होइन आन्दोलनकै थालनी भइसकेको छ । यही चैत १५ गते दुवै पक्षबाट विरोध प्रदर्शन, जुलुस र आमसभा हुँदैछ । नेकपा (माओवादी केन्द्र) लगायतका केही वाम घटकहरुको समाजवादी मोर्चाले आजै राजधानी केन्द्रित राजतन्त्र विरोधी विशाल विरोध प्रदर्शनसहितको आम सभा गर्दैछ । त्यस्तै फेरि केही राजावादी पुराना पञ्चे, नयाँ पुराना मण्डले र दरबारियाहरुले पनि आजै संघीयता र गणतन्त्र विरोधी जुलुस, सभा गर्दै छन् । स्वयं पूर्व राजा ज्ञानेन्द्र पनि कथित मठमन्दिरहरुको पूजा र दर्शनको नाममा देशका विभिन्न भागमा प्रत्यक्ष गई गणतन्त्रको विपक्षमा आफ्नो पक्षमा जनसमर्थक जुटाउँदै छन् । पूर्व राजा र राजावादीहरुले आफ्नो पक्षमा जनसमर्थन जुटाउन र आन्दोलन परिचालन गर्न पूर्व पञ्चे र दरबारिया नेता नवराज सुवेदीकै नेतृत्वमा एउटा संघर्ष समिति नै निर्माण गरिसकेका छन् । यसरी अब देशमा गणतन्त्र र राजतन्त्रको पक्ष विपक्षमा चर्चा परिचर्चा मात्रै होइन आन्दोलन नै हुने पक्कापक्की भइसकेको छ ।

भनिन्छ, नयाँ साँधुले धेरै खरानी घस्छ । ठीक यो केही नयाँ पञ्चे, मण्डले र दरबारियाहरुमा पनि देखिन थालेको छ । कुनै बेला कथित नागरिक अभियान्त भई जनसमर्थन बटुलेका र पछि त्यसको बलमा संसदीय चुनावबाट सभासद बनेका ज्ञानबहादुर शाही अहिले खाटी राजावादी बनेका छन् । ठूलठूलो स्वरमा सदन र सडक चारैतिर गणतन्त्रको विरुद्ध र राजतन्त्रको पक्षमा चिच्याउँदै छन् । जबकि कुनै बेला अर्थात् चुनावी अभियानमा आफू राजा विरोधी भएको भनी जनताको मत मागेका थिए । तर अहिले तिनै शाही खाटी राजावादी बनेका छन् र पुरानो पञ्चे, मण्डले र दरबारिया दल राप्रपाका प्रवक्ता पनि बनेका छन् । त्यसैले यिनलाई नयाँ मण्डले र दरबारिया भनी सम्बोधन गर्न थालिएको छ । फेरि अर्का झापाका मेडिकल व्यवसायीको पनि त्यस्तै स्थिति छ । कुनै बेला प्रचण्ड-ओलीलाई मार्सी चामलको भात खुवाएर चर्चामा आएका दुर्गा प्रसाईंको पनि त्यस्तै गणतन्त्रको विरुद्ध र राजतन्त्रको पक्षमा ठूलठूलो स्वर छ । अझ उनले त पुराना-पञ्चे-मण्डले राप्रपा पक्षधरहरुलाई नक्कली राजावादी भएको भन्दै आफू मात्र खास सक्कली राजावादी भएको भन्ने गरेका छन् । कुनै बेला 'ओली बा' भन्दै ओलीको भजनर्किर्तन गाउँदै अझ एमाले पार्टीकै केन्द्रीय सदस्य समेत गराइएका त झन बढी उग्र राजावादी देखिएका छन् । अझ बढी ओली र प्रचण्डको व्यक्तिगत भण्डाफोर गर्दै हिंडिरहेका छन् । अझैं पनि यस्ता नयाँ पञ्चे-मण्डले र दरबारियाहरु कांग्रेस-एमाले र माओवादीलगायत सबै दलहरुमा छद्म रुपमा लुकी बसेका छन् । यसरी यी पुरानाभन्दा नयाँ पञ्चे-मण्डले र दरबारियाहरुको खतरा झन बढी छ । २०१७ साल राजा महेन्द्रको फौजी 'कु'का लागि यस्तै नयाँ राजावादी जस्तो उदाहरण तुल्सी गिरी, सूर्यबहादुर थापा, कमलराज रेग्मी, डीपी अधिकारी, डा. केशरजंग रायमाझी आदिको भूमिका जस्तै अहिले पनि दोहोरिन सक्छ । सावधान र सचेत होऊ आम कांग्रेस-एमाले र माओवादी सब नेता र कार्यकर्ता अनि समर्थकहरु पनि ।

केही ढिलै भए पनि बल्ल अहिले देउवा-ओली र प्रचण्ड पूर्व राजा ज्ञानेन्द्र अनि यिनका आसेपासे पूर्व पञ्चे-मण्डले र दरबारियाहरुका विरुद्ध बोल्न थालेका छन् । एमाले र माओवादीहरुले त यसका विरुद्ध सडक संघर्ष र आन्दोलनकै थालनी गरिसकेका छन् । धेरै दिनपछि ने.का. सभापति देउवाले पनि ज्ञानेन्द्रलाई नालायक संवैधानिक राजा बन्ने हैसियत नभएको भनी निन्दा गरेका छन् । यसरी दिनप्रतिदिन राजावादी र गणतन्त्रवादीबिचको ध्रुवीकरण बढेर जान थालेको छ । तै पनि अझैं पनि विश्वास गरिहाल्ने स्थिति भने छैन । कांग्रेस पार्टीभित्र अहिले पनि राजावादीको ठूलो जमात छ । हिन्दू राष्ट्र नेपालको वकालत गर्दै आइरहेका छन् । वीपीको आदर्श संवैधानिक राजतन्त्र अझ ठोसमा भन्दा राजाको घाँटी र आफ्नो घाँटी एउटै भन्ने सिद्धान्तलाई मान्ने थुप्रै कांग्रेसी अहिले पनि छन् । तैपनि अहिले राजावादीहरुका विरुद्ध गणतन्त्र र धर्म निरपेक्षताको पक्षमा कांग्रेस-एमाले र माओवादी बीचमा एकता र समझदारी बढेर गएको छ । प्रचण्डले त यसका विरुद्ध गणतन्त्र पक्षधरहरुको सर्वपक्षीय सरकार नै बचाउन पर्ने माग गरेका छन् ।

तर यही बेला सरकारले भने बेमौसमको बाजा भने जस्तै विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई कारबाही गरी पदबाट हटाएको छ । गणतन्त्र र राजावादीबिचको यो तनावपूर्ण अवस्थामा सरकारले फेरि अर्को विवाद उठाएर अर्को समस्या खडा गरेको छ । जसको विरुद्ध अहिले देशव्यापी सडकदेखि सदनसम्म आवाज उठेको छ । सरकार खासगरी कांग्रेस एमालेका विरुद्ध आम दल यतिसम्मकि पूर्व पञ्चे-राजावादी सब एक भई आन्दोलित बन्न थालेका छन् । यसले गणतन्त्र विरोधीको माहोललाई अन्यत्र मोडन थालेको छ । कतै यसले पूर्व राजा र राजावादीहरुलाई फाइदा पुऱ्याउने त होइन ? हेक्का राखौं, एउटा सामान्य विद्यार्थीको माग पछि उठेको आन्दोलनको भेलले बंगालादेशमा के भयो ? प्रधानमन्त्री भागी विदेशिनु पऱ्यो । हिजो ज्ञानेन्द्र चोर देश छोड भन्नेहरुले अहिले ओली चोर देश छोड भन्ने नारा घन्काउँदै छन् । कारबाही सामान्य एउटा कर्मचारीकै हो । तर अहिलेको बेला र परिस्थिति के छ र अब के हुँदैछ ? हेक्का राख्नु पर्छ कि पर्दैन ? एकातिर सरकार नै अलोकप्रिय छँदैछ । त्यसमा पनि एमाले ओलीप्रति आम जनताको हेराई र नजर झन नकारात्मक त्यसमा पनि यस्ता निर्णयले जनतामा झन आक्रोस । आगोमा घ्यू तेल खन्याए जस्तै स्थिति । समाल्न कठिन पर्ला ? सोंच र विचार गर प्रम केपी ओली कमरेड ।

यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य व्यवस्था नै यस्तै हो, मुखले राम राम तर बगलीमा छुरा । षड्यन्त्र, जालसाजी, खुराफानी अनेक थरिका बाहनाबाजी सबै यसमा छ । मुखले केपी बा भने पनि भित्रभित्रै पख्लास् भन्नेहरुको जमात यहाँ धेरै छ । स्वयं एमाले पार्टी पंक्तिमै यस्तो छ । कांग्रेस-माओवादीका त कुरै छाडौ । ढोक्सा थापी बसेकै छन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय माहोल प्रम केपी ओली पक्षमा छैन । यस्तो अवस्थामा कांग्रेसले पनि ओलीलाई कति दिन काँध थापी बस्लान् ? यस्तो हुँदाहुँदा अन्तिममा कमरेड ओली आफ्नै पार्टी एमालेका लागि पनि घाडो बन्ने निश्चित छ । पुनः वाम एकताको कुरा पूर्व राष्ट्रपति विद्या भण्डारीले एमाले पंक्ति भित्रैबाट उठाउँदै हिंडेकी छन् । माधव- झलनाथ यतिसम्मकि त्यसलाई माओवादी प्रचण्डको समेत साथ रहने बुझिएको छ ।

सत्ता राजनीति र कुर्सीले मान्छेलाई अन्धो नै बनाइराखेको हुन्छ । यताउति दुरदृष्टि नै केही हुन्न । अहिले देशमा गणतन्त्रको विरुद्ध प्रतिगामी चलखेल बढ्दो छ । खुलेआम पूर्व राजा ज्ञानेन्द्रले आफूलाई साथ दिन जनतालाई आह्वान गरिसकेका छन् । पुराना पञ्चे-मण्डले र राजावादीहरुले दिन नै किटान गरी राजा र राजतन्त्र पुनर्स्थापना हुने घोषणा गरिसकेका छन् । यसमा भारतीय विस्तारवादको सहयोग र समर्थनका लागि योगी आदित्यनाथको फोटो नै प्रदर्शन भइसकेको छ । तर पनि कांग्रेस-एमाले सत्ताधारीहरुलाई यसले छोएकै छैन । यस्ता बेमौसमका बाजा बजाउँदै जनतालाई झन् चिडचिडाउने र उत्तेजना पार्ने काम सरकारले स्वयं प्रम ओलीबाट नै भइरहेको छ ।

अन्त्यमा भिरबाट लड्ने गाईलाई रामराम भन्न त सकिएला तर काँध थाप्न चाहिं नसके जस्तै प्रम ओली कमरेडलाई पनि पहिलो सुझाव तत्काल गणतन्त्र पक्षधर राजनीतिक दलको बैठक त्यसपछि क्रमशः अरु संघसंस्था, नागरिक समाज आदि सबैको संयुक्त भेला अनि त्यसको राय सल्लाह अनुरुप के गर्नुपर्ने हो, त्यही गरी अघि बढ्दा राम्रो हुनेछ । वर्तमान अहिले देशको मूल समस्या भनेको प्रतिगमन र अग्रगमन बीचको हो । प्रतिगमनको नेतृत्व पूर्व राजा ज्ञानेन्द्र अनि तिनका आसेपासे पुराना पञ्चे-मण्डले र दरबारियाहरुले गरिरहेका छन् भने अग्रगमनको नेतृत्व जनगणतन्त्रवादी पूर्व माओवादीलगायतका विभिन्न वाम दलमा विभाजित नेता कार्यकर्ता एवमं देशका सम्पूर्ण देशभक्त तथा जनवादी शक्ति र जनसमुदायले गर्दैछन् । तर अहिले सत्ताको नेतृत्व यथास्थितिवादीहरुले गरिरहेका छन् । कांग्रेस-एमाले-एमाओवादी सत्ता र प्रतिपक्ष दुवै अहिले न यता न उता अर्थात न प्रतिगामी न अग्रगामी ढूलमूलमा छन् । सारमा भन्दा यथास्थितिवादको जगमा बसेर अग्रगमनको नेतृत्व सम्भव छैन । त्यसैले तत्काल एक कदम पछि होइन एक कदम अघि बढेर मात्र वर्तमान देशको आसन्न समस्या समाधानको उपाय हो ।

# किन खाने फर्सी ? यस्ता छन् फर्सी खानुका फाइदाहरू !

सर्वसुलभ तरकारीहरुमध्येको एक हो, फर्सी । फल्ने सिजनमा गट्टा भनेर चिनिने कलिलो फर्सीको तरकारी खान सकिन्छ भने नफल्ने सिजनका लागि पाकेको फर्सी भण्डारण गरी राखेर पनि खान सकिन्छ । यस अर्थमा यो बाह्रै महिना खान सकिने तरकारीमा पर्दछ ।

तर धेरैजनालाई फर्सीको तरकारी मन नपर्न पनि सक्छ । कतिपय मानिसहरु त फर्सीको नाम सुन्नेबित्तिकै तर्सिने पनि गर्छन् । तर वास्तवमा भन्ने हो भने फर्सी तर्सिनुपर्ने तरकारी कदापि होइन, यो त सकेसम्म सबैले खोजीखोजी खानुपर्ने तरकारीहरुमध्येको एक हो । आउनुहोस्, हामी पनि फर्सी खानुको स्वास्थ्य-फाइदाहरुबारे जानीराखौं ।

**बिटा क्यारोटिनको खानी**

आफ्ना सुन्तला रंगका साथीहरू गाजर र सकरखण्ड जस्तै, फर्सी पनि बिटा क्यारोटिनको खानी हो । बिटा क्यारोटिन भनेको हाम्रो शरीरको लागि अति उपयोगी एन्टिअक्सिडेन्ट हो । हामीले खाएको फर्सीबाट प्राप्त हुने यस एन्टिअक्सिडेन्टलाई हाम्रो शरीरले भिटामिन ए मा परिवर्तन गर्छ। सबैलाई थाहा भएकै कुरा हो- भिटामिन ए हाम्रो लागि अत्यावश्यक भिटामीनहरुमध्येको एक हो । यो भिटामीन आँखालाई र हाम्रो दृष्टि क्षमतालाई स्वस्थ राख्न, शरीरमा किटाणुहरुको आक्रमणलाई रोक्न र प्रजनन् प्रणालीलाई सही ढङ्गले काम गर्न अति उपयोगी हुने गर्छ । यसले हाम्रो मुटु, फोक्सो, मिर्गौला र अन्य आन्तरिक अंगहरूलाई स्वस्थ राख्न पनि मद्दत गर्छ ।

**आँखाको दृष्टि राम्रो बनाउँछ**

एक कप फर्सीले तपाईंलाई तपाईंको दैनिक सिफारिश गरिएका भिटामिन एको २००% मात्रा प्रदान गर्न सक्छ । भिटामिन एले तपाईंलाई स्वस्थ आँखा राख्न र विशेष गरी कम प्रकाशमा स्पष्ट देख्नमा मद्दत गर्छ । यस अर्थमा आँखा स्वस्थ राख्न तथा कमजोर दृष्टि भएकाहरुले फर्सी खानु लाभदायक हुन्छ ।

**क्यान्सरको जोखिम कम गर्छ**

फर्सीको माध्यमबाट प्राप्त हुने भिटामिन एले गर्ने अर्को उपयोगी काम भनेको यसले केही प्रकारका क्यान्सर, जस्तै फोक्सो वा प्रोस्टेट क्यान्सरको जोखिम कम गर्छ । रोचक कुरा के छ भने, भिटामिन एको सप्लिमेन्टबाट भन्दा फर्सी लगायतका खानेकुराहरुमा प्राकृतिक रुपमा पाइने भिटामीन ए क्यान्सरको जोखिम कम गर्न बढी प्रभावकारी हुने गर्छ ।

**प्रतिरक्षा प्रणालीलाई सुदृढ तुल्याउँछ**

फर्सीमा बिटा क्यारोटिनका अलावा भिटामिन सी, भिटामिन ई, आइरन, र फोलेट जस्ता स्वस्थ शरीरका लागि अत्यावश्यक तत्त्वहरु पनि पर्याप्त मात्रामा पाइने गर्छ । यी सबै तत्त्वहरुले हाम्रो शरीरको प्रतिरक्षा प्रणालीलाई बलियो बनाउने काम गर्छ । शरीरको रोग प्रतिरक्षा प्रणाली बलियो हुनु भनेको बाहिरी किटाणुहरुको हमलाबाट शरीर सुरक्षित रहनु तथा शरीरमा लागेका चोटपटकहरु चाँडो निको हुनु पनि हो । यस अर्थमा पनि हामीले आफ्नो खानेकुरामा फर्सीलाई समावेश गर्नु अति उत्तम कुरा हो ।

**पोटासियमको खानी**

फर्सीमा पाइने एउटा मुख्य तत्त्व पोटासियमले पनि हो । पोटासियमले रक्तचाप घटाउन सहयोग गर्छ । फर्सीका बीउहरूमा पनि खनिज र प्लान्ट स्टेरोल्स पर्याप्त मात्रामा पाइन्छ, जसले शरीरमा फाइदा गर्ने कोलेस्ट्रोलको स्तर वृद्धि गर्न र रक्तचापलाई पनि कम राख्न मद्दत गर्छ ।

त्यसैगरी, फर्सीमा पर्याप्त मात्रामा पाइने पोटासियमले हृदयघात, मिर्गौलाका पत्थरी र टाइप २ मधुमेहको जोखिमलाई कम गर्न सक्छ । त्यसैगरी, पोटासियमले हड्डीहरूमा खनिज घनत्व पनि बढाउन सहयोग गर्छ । यसरी फर्सीको नियमित सेवनले हाम्रो हड्डीलाई स्वस्थ र मजबूत राख्ने काममा पनि सहयोग गर्छ ।

**पेटको बोसो घटाउँछ**

फर्सीमा फाइबरको मात्रा धेरै हुन्छ र क्यालोरी कम हुन्छ । यसको अर्थ के हो भने यसले हाम्रो पाचन प्रणालीलाई स्वस्थ राख्न मद्दत गर्छ । क्यालोरी कम हुने हुनाले यसले हाम्रो भोकलाई शान्त पारे पनि अनावश्यक रुपमा क्यालोरी जम्मा हुन दिँदैन । यस अर्थमा पोषक तत्वले भरिपूर्ण फर्सी मोटोपनले चिन्तित व्यक्तिहरुका लागि खानेकुराको एउटा राम्रो विकल्प हो । हाम्रो आहारमा फर्सी समावेश गर्दा प्राप्त हुने फाइबरको वृद्धि पनि पाचन प्रक्रिया नियमित बनाउँछ र पेटको बोसो घटाउन सहयोग गर्छ ।

**निद्रामा सुधार गर्छ**

फर्सीका बीउमा ट्रिप्टोफन नामक एमिनो एसिड हुन्छ, जसले सेरोटोनिन नामक रासायनिक पदार्थ बनाउन मद्दत गर्छ। सेरोटोनिनले हामीलाई आनन्दित महसुस गराउने काम च गर्छ नै साथसाथै यसले राम्रो निद्रा लगाउने काम पनि गर्छ । त्यसैले राम्रो निद्रा नलाग्नेहरुका लागि पनि फर्सीको सेवन एउटा उत्तम विकल्प हुन सक्छ ।

**स्वस्थ छाला**

फर्सीमा रहेको बिटा क्यारोटिनको एन्टिअक्सिडेन्ट शक्तिले तपाईंको छाला स्वस्था राख्न मद्दत गर्छ । यसले विशेष गरी उमेरको वृद्धिसँगै छालाको स्वास्थ्यमा पर्ने असर र नकारात्मक प्रभावहरुलाई काम गर्न सहयोग गर्छ । त्यसैले छालाको सुन्दरता र स्वास्थ्यको लागि पनि फर्सीको नियमित सेवन फाइदाजनक नै हुने गर्छ ।

**स्वस्थ मुटु**

माथि हामीले उल्लेख गरिसकेका छौं कि फर्सीमा पर्याप्त मात्रामा फाइबर पाइन्छ । फाइबरयुक्त खानेकुराहरुको सेवनले मुटुलाई स्वस्थ राख्छ र हृदय रोगको जोखिमलाई कम गर्छ । त्यसो त फर्सीमा पाइने फाइबरले मात्र हैन, यसमा पाइने पोटासियम र भिटामीन एले पनि मुटुलाई स्वस्थ राख्न महत्वपूर्ण भूमिका खेल्छ ।

# नेप्से परिसूचक ४१ अङ्कले बढ्यो



काठमाडौँ । यो साता कारोबारको अन्तिम दिन बिहीबार पुँजीबजारमा उल्लेख्य सुधार देखिएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४१ दशमलव ४३ अङ्कले बढेर दुई हजार छ सय ६३ दशमलव ३० को विन्दुमा कायम भएको हो । यो एक दशमलव ५८ प्रतिशतको वृद्धि हो ।

तीन सय नौ कम्पनीको ९७ लाख ७२ हजार एक सय ९६ कित्ता शेयर ५५ हजार चार सय ४२ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब २२ करोड ३० लाख ८३ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सबै समूहको उपसूचक हरियो देखिएको छ । व्यापार समूह सबैभन्दा बढी छ दशमलव नौ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ९०, विकास बैंक एक दशमलव १०, वित्त एक दशमलव ३०, होटल तथा पर्यटन शून्य दशमलव ४४, जलविद्युत् एक दशमलव शून्य नौ र लगानी समूह दुई दशमलव २० प्रतिशतले बढेको छ ।

त्यस्तै जीवन बिमा एक दशमलव ७१, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९२, लघुवित्त दुई दशमलव २२, म्युचुअल फण्ड शून्य दशमलव ३७, निर्जीवन बिमा शून्य दशमलव ८५ र अन्य समूह एक दशमलव ७४ प्रतिशतले बढेको छ ।

कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड र श्रीजनशील लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी कुमारी सबल योजनाको शेयर मूल्य एक दशमलव ८२ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ५१ करोड १८ लाख १७ हजार सात सय १४ बराबरको पाँच लाख आठ हजार आठ सय ६० कित्ता शेयर किनबेच भएको छ ।



**गहुँ काट्न हातेट्याक्टरः**

नवलपरासी(बर्दघाट सुस्तापूर्व)को कावासोती नगरपालिका ६ विष्णुनगरमा हातेट्याक्टरको सहायताले गहुँ काट्दै किसान । पछिल्ला वर्षहरूमा बढ्दो कृषि यन्त्रको प्रयोगले किसानलाई खेती किसानी गर्न सहज भएको छ । तस्विरः विष्णुप्रसाद गौडेल/रासस

# चम्घाका घर–घरमा खानेपानी धारा



त्रिवेणी । घरघरमा खानेपानीको धारा पुगेसँगै नवलपरासी (बर्दघाट सुस्तापूर्व ) नवलपुरको बुलिङटार गाउँपालिका-३, चम्घाका स्थानीय खुसी भएका छन् । पहाडी क्षेत्र चम्घाका स्थानीयले लामो समयदेखि खानेपानीको समस्या झेल्दै आएका थिए । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तनहुँ, इकाइ कार्यालय नवलपुरमार्फत् लिफ्टिङ गरेर खानेपानी घरघरमा पुऱ्याएपछि त्यो समस्या समाधान भएको छ ।

डोको र गाग्री बोकेर पानी लिन मुहानमा जानुपर्ने अवस्थाबाट घरमै खानेपानीको धारा आउँदा स्थानीय सत्रमाया कुमाल खुसी छिन् । "डोकोमा बोकेर ल्याएको पानी खाइन्थ्यो, गाग्री बोकेर हैरान हुन्थ्यौँ । कपडा बोकेर धुन लैजानुपर्ने, पानीका लागि पालो कुर्नुपर्ने अवस्था थियो । पालो कुर्दा खेताला जान पनि अबेर हुन्थ्यो, धेरै दुःख खेप्यौँ," उनी भन्छिन्-"अचेल त घरमै खानेपानीको धारा आएकाले, चाहिएको बेला थाप्यो, खायो, लुगा धोयो । त्यही भएर गाग्री पनि रित्तो छ, पानी भरेर राखिरहनुपर्ने झण्झट छैन ।"

बुद्धि विकास प्राविका प्रधानाध्यापक श्रीधर कुमाल पनि विगतमा खानेपानीको सुविधा नहुँदा विद्यार्थीले पानी बोक्नुपर्ने हुँदा पठनपाठनमा पनि असर परेको स्मरण गर्छन् । "यहाँ बासिन्दाले खानेपानीको समस्या त कति झेले झेले ! विद्यालयमा समेत खानेपानी र सरसफाइमा समस्या थियो, पानी भर्न जाँदा विद्यार्थीको पठनपाठनै प्रभावित हुने अवस्था पनि आउँथ्यो तर हाल खानेपानी योजना सम्पन्न भएपछि त्यो समस्या टरेको छ । जीवनयापन सहज भएको छ ।"-उनले भने ।

खोक्रेनी पँधेरोस्थित मुहानबाट खानेपानी लिफ्टिङ गरेर चम्घा र ददरालीका १२० परिवारलाई खानेपानी वितरण गरिएको चम्घा ददराली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष खड्कबहादुर कुमालले जानकारी दिए ।

मोटरबाट पानी तानेर गाउँको माथिल्लो भागमा निर्माण गरिएको ट्याङ्कीमा जम्मा गर्ने र त्यसैबाट घरघरमा वितरण गर्ने काम भइरहेको उनले बताए । आयोजना बनेपछि विगतको समस्या समाधान भएको र थप घरमा समस्या समाधानको प्रयास भइरहेको अध्यक्ष कुमालको भनाइ छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तनहुँ, इकाइ कार्यालय नवलपुरमार्फत् यहाँ खानेपानीको बहुवर्षीय योजना सञ्चालन गरी हालै घरघरमा पानी पुऱ्याइएको इकाइ कार्यालय नवलपुरका प्रमुख महेन्द्र आचार्यले बताए । गण्डकी प्रदेश सरकारको हरेक घरमा खानेपानीको धारा पुऱ्याउने लक्ष्यअनुसार चम्घामा करिब रु एक करोडको लागतमा लिफ्टिङ खानेपानी योजना निर्माण गरिएको उनले जनाए ।

लिफ्टिङ खानेपानी योजनाबाट मुहान व्यवस्थापन, रिजर्भ ट्याङ्की निर्माण, पाइप विस्तार मिटर जडान, उपभोक्ताको घरमा धारा जडानलगायत कार्य गरिएका छन् ।

## पीएम कप क्रिकेटः

# पुलिसको अपराजित यात्रामा ब्रेक




भैरहवा । त्रिभुवन आर्मी क्लबले नेपाल पुलिस क्लबको प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट प्रतियोगितामा अपराजित यात्रा तोडेको छ । बिहीबार रुपन्देहीको एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको विभागीय डर्बी खेलमा आर्मीले पुलिसलाई ४ विकेटले पराजित गर्‍यो । जितसँगै आर्मीको पुलिससँग समान अंक भए पनि पुलिसलाई हेड टु हेडमा अघि रहेर लिग चरणको शीर्ष स्थानमा उक्लिएको छ ।

पुलिसले अघिल्लो संस्करणमा १० खेल जितेको थियो भने यस संस्करणमा लगातार ८ खेलमा जित हात पारेको थियो । सन् २०२२ मा भएको पीएमको सेमिफाइनलमा आर्मीसँग २ विकेटको रोमाञ्चक हारपछि पुलिस अपराजित थियो । पुलिसले दिएको १ सय ४९ रनको लक्ष्य आर्मीले ४१ ओभरमा ६ विकेट गुमाएर पूरा गर्‍यो । आर्मीको जितमा विवेककुमार यादवले अविजित रहँदै सर्वाधिक ४१ रन जोडे ।

यस्तै, तृतराज दासले २५, भीम सार्कीले २३, सन्तोष कार्कीले २२ र विनोद भण्डारीले अविजित १३ रन जोडे । पुलिसका लागि ललितनारायण राजवंशीले ४ तथा करण केसी र दीपेन्द्रसिंह ऐरीले समान १-१ विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको पुलिसले आर्मीका स्पिनरहरु चम्कँदा ४१.४ ओभरमा १ सय ४८ रनमा अलआउट भएको थियो । पुलिसका लागि कप्तान दीपेन्द्रसिंह ऐरीले विष्फोटक अर्धशतकीय इनिङ खेले पनि अन्य ब्याटर चल्न नसक्दा कम योगफलमा नै समेटिएको थियो । कप्तान ऐरीले ३७ बलमा ३ चौका र २ छक्काको सहयोगमा ५० रन जोडेका थिए । यस्तै, आरिफ शेखले २२, गुल्शन झाले १७, सागर ढकालले १६ तथा अर्जुन साउदले १३ रन बनाए । पुलिसको ब्याटिङ धराशाही बनाउन आर्मीका लागि १० नै विकेट स्पिनरले लिएका थिए ।

शाहब आलमले १० ओभरमा ३१ रन खर्चिएर ४ विकेट लिए । शाहबले पीएम कपको इतिहासमा १ सय विकेट पूरा गरेका छन् । उनी अगाडि पुलिसका ललितनारायण राजवंशीले १ सय विकेट पूरा गरेका थिए । शाहबले ४७ इनिङ्मा १ सय विकेट पूरा गरेका हुन् । यस्तै, आर्मीका नरेन साउदले ३ तथा भीम सार्की र कुशल मल्लले समान १-१ विकेट लिए । शनिबार हुने पिएम कपको फाइनलमा स्थान पक्का गरिसकेका पुलिस र आर्मीको यस खेलबाट लिग चरणको शीर्ष र दोस्रो हुने टोली टुंगो लागेको छ ।

जितसँगै समान अंक भए पनि आर्मी हेड टु हेडमा अघि रहेर शीर्ष स्थानमा छ भने पराजित पुलिस दोस्रो भएको छ । अर्को विभागीय टोली नेपाल एपीएफ क्लबले तेस्रो स्थान पक्का गरेको छ ।

यस्तै, भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको अर्को खेलमा मधेश प्रदेशले बागमती प्रदेशलाई ४ विकेटले पराजित गरेको छ ।

जितका लागि पाएको २६० रनको लक्ष्य मधेशले ४६.१ ओभरमा ६ विकेट गुमाएर भेट्टायो । मधेशको जितमा अनिलकुमार साहले ७०, रोहन विकल ३९, हरिशंकर साहले ३३ र पवन सर्राफले ३१ रन बनाए । बलिङमा बागमतीका सूर्य तामाङले २ तथा इशान पाण्डे, रिजन ढकाल, गौतम केसी र विपिन आचार्यले १-१ विकेट लिए ।

यसअघि पहिले ब्याटिङ गरेको बागमतीले ८ विकेट गुमाउँदै इशान पाण्डेको शतकका मद्दतमा २५९ रन बनाएको थियो । इशानले ११४ रन बनाउँदा रिजन ढकाल र विवेक मगरले समान ३०-३० रन बनाए । बलिङमा मधेशका हरिशंकर साह, पवन सर्राफ र अनिलकुमार साहले २-२ विकेट लिए । ४-४ खेल जितेर समान ८ अंक जोडेका यी दुईटीममध्ये बागमती अंक तालिकाको ४ र मधेश सातौं स्थानमा छ ।

# नेपालको जलविद्युत्‌मा लगानी गर्न भारतीय ठूला कम्पनी तयार

काठमाडौँ । लगानी र प्रतिफल सुनिश्चित भएमा भारतीय व्यापारिक घरानाले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आफूहरु तयार रहेको बताएका छन् ।

भारतस्थित नेपालको राजदूतावास र भारतीय हरित ऊर्जा महासङ्घको संयुक्त आयोजना तथा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान)को संस्थागत सहभागितामा नयाँ दिल्लीमा आयोजित 'नेपाल-भारत इनर्जी समिट'मा सहभागी भारतका व्यावसायिक घरानाले, नेपालमा भारतीय लगानीको नीतिगत सुरक्षा हुनुपर्नेमा जोड दिए ।

उनीहरुले लगानी गरेपछि प्रतिफलको सुनिश्चितता, सहज रूपमा लगानी फिर्ता लिन पाउनुपर्नेलगायत जलविद्युत् आयोजनाले सामना गर्नुपरेका समस्या समाधानमा सरकारले सहजीकरण गर्नुपर्ने बताएका हुन् ।

नेपालमा ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभीएन)का आयोजना निर्देशक सुशील शर्माले नेपालमा काम गर्न वन, जग्गा प्राप्ति, भन्सार र सडकको समस्या रहेकाले ती समस्या समाधानमा सरकारले सहजीकरण गरिरहेको उल्लेख गरे ।

एसजेभीएनले २१७ किलोमिटर लामो प्रसारणलाइन निर्माण गरिरहेको र सरकारको सहयोग रहेकाले ९०० मेगावाटको आयोजना तीन वर्षमै ८४ प्रतिशत सम्पन्न भएको उनको भनाइ छ ।

अरुण-३ मा ३४ हजार करोड भारतीय रुपैयाँ लगानी गरेर २५ वर्षपछि सरकारलाई हस्तान्तरण गरिने भएकाले यसले नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुग्ने उनको दाबी थियो । यो आयोजनाले भारतीय लगानीकर्तालाई नेपालमा आकर्षित गर्ने शर्माले बताए ।

अडानी ग्रूपका उपाध्यक्ष जयरमन पुनिधानले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न कम्पनीले राम्रा आयोजनाको खोजी गरिरहेको बताए ।

विश्वभर २७ हजार ३०० मेगावाट विद्युत् उत्पादनका लागि अडानी ग्रुपले 'एमओयू' गरेको जानकारी दिँदै उनले अडानीको प्राथमिकतामा छिमेकी मुलुक र क्षेत्रीय ऊर्जा बजार रहेको उल्लेख गरे ।

भारतीय ऊर्जा मन्त्रालयका अतिरिक्त सचिव आकाश त्रिपाठीले नेपाल र भारतबिच एक हजार मेगावाट विद्युत् आदानप्रदानको संरचना तयार भइसकेको र आठ हजार मेगावाट विद्युत् आदानप्रदान गर्ने क्षमताका चारवटा प्रसारणलाइन निर्माणाधीन भएकाले नेपालमा उत्पादित विद्युत् भारत निर्यातका लागि समस्या नहुने बताए ।

## संस्थापक समूहको शेयर बिक्री सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१५ गते**

यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापक शेयरधनी (समूह "क") का तपसिल बमोजिमका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको संस्थापक शेयर बिक्री गर्न ईच्छा राखी सञ्चालक समिति समक्ष निवेदन दिनुभएकोमा उक्त निवेदन सञ्चालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई बिक्री गर्ने प्रकृया अघि बढाउने निर्णय भए अनुसार उल्लेखित संस्थापक शेयर खरिद गरी लिन इच्छुक यस वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था अनुसार संस्थापक शेयरधनीहरुको जानकारीको लागि मिति २०८१/०९/१३ गते लुम्बिनी दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गरिएको थियो ।

तर उक्त अवधीमा शेयर खरिद गर्नका लागि विद्यमान संस्थापक शेयरधनी महानुभावबाट कुनै आवेदन प्राप्त नभएकोले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन नं. १०/२०८१ को बुदाँ नं. १२ को उप बुँदा (ख) बमोजिम उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक अन्य व्यक्ति/संस्थालाई यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बुटवल-१०, कालिकानगर, रुपन्देहीमा आफूले खरीद गर्न चाहेको शेयर सँख्याको व्यहोरा खुलाई आवेदन दिनुहुन सूचित गरिन्छ । शेयर खरिदको आवेदन प्राप्त भए पश्चात बिक्रेता संस्थापकसँग समन्वय गरी खरीदकर्ता र बिक्रीकर्ताको बीच शेयर सँख्या र मूल्यमा आपसी सहमति भए पश्चात मात्र शेयर खरिद बिक्रीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | संस्थापक | ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|---|
| १. | श्री प्रेम कुमार बराल | बुटवल-०६, रुपन्देही | १,५०० (पन्ध्र सय) |

**थप जानकारीको लागिः**

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**

**केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही**

**फोन नं. ०७१-४३८१७१**

**Email: info@jucbank.com.np, Website: www.jucbank.com.np**

### दुई...

मुलुक निरंकुशतातर्फ जान सक्दैन भन्नेमा आफू प्रष्ट रहेको बताए । नेपाली जनता लोकतन्त्रमा विश्वास गर्छन्, लोकतन्त्रको मार्गमा अगाडि बढिसकेका छन्, त्यहाँबाट समाज फर्किदैन,' उनले भने-'सरकार परिवर्तन हुने कुरा लोकतन्त्रमा हुन्छ । तर, लोकतान्त्रिक मूल्य र मान्यतामा अभ्यस्त भइसकेको समाज निरंकुशतातर्फ जाला भन्ने मलाई लाग्दैन ।

'हामीले सुशासन दिनुपर्छ, आर्थिक समृद्धितर्फ अगाडि बढ्नुपर्छ, नागरिकलाई सुविधा दिनुपर्छ, सेवा प्रवाहमा सहजता ल्याउनुपर्छ,' उनले भने-'जनताका पीडा र समस्या छन् । ती पीडा र समस्याको समाधान निरंकुशता होइन लोकतन्त्रमार्फत गर्ने हो ।'

उनले केही कमीकमजोरीहरु रहेको र जति काम हुनुपर्ने त्यो हुन नसक्दा आममानिसमा केही चिन्ता र पीडा रहेको स्वीकारे । त्यो चिन्ता र पीडालाई आक्रोशमा बदलेर व्यवस्थाकै विरुद्धमा प्रयोग गर्ने प्रयत्न भइरहेको उनको भनाइ छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई सरकारले हटाएको विषयमा गृहमन्त्री लेखकले यसमा आफूले थप टिप्पणी नगर्ने बताए । सरकारले निर्णय गरिसकेको र आफू यो सरकारको मन्त्री भएकोले यो निर्णय बोक्ने उनले जनाए ।

विश्वव्यापी आर्थिक मन्दीको स्थिति छ, यो अवस्थाबाट मुलुकलाई कसरी जोगाउने महत्वपूर्ण भएकोले त्यसतर्फ काम गर्न जरुरी रहेको बताए । सरकारले गैरकानुनी कामको नियन्त्रणकै लागि खटिएकेले नै करोडौको रकम बरामद भएको हो भन्दै उनले गलत गतिविधि अपराधिक तथा गैरकानुनी गतिविधि निस्तेज र नियन्त्रण गरि कडाभन्दा कडा कारबाही गरेर अगाडि बढ्ने बताए ।

कार्यक्रममा जिल्ला सदस्य ओमकुमार श्रेष्ठ, कांग्रेस क्षेत्र नम्बर ३, रुपन्देहीका सभापति सुशील गुरुङ, उपसभापति सुरेन्द्रजंग थापा, सचिव लेखनाथ भट्टराई, क्षेत्र नम्बर ३ का कोषाध्यक्ष कृष्ण खनाल, सहसचिव कुलप्रसाद न्यौपाने, नेपाल शिक्षक संघ सिद्धार्थनगरका अध्यक्ष चर्तुभुज रेग्मी, क्षेत्रीय प्रतिनिधि गुरचरण प्रजापति, व्यवसायी महेन्द्रकुमार श्रेष्ठ, पर्यटन व्यवसायी संजय बजिमय, पूर्व महाधिवेशन प्रतिनिधि भरथरी यादव, युवा नेता टिका जिसी, नारायणप्रसाद कोइराला, सिद्धार्थनगर-४ का सभापति नरेन्द्रप्रसाद रौनियार, महाधिवेशन प्रतिनिधि विनय ज्ञवाली लगायतले बोल्दै सरकारका काम, समस्याबारे भनाइ राखेका थिए ।

कांग्रेस क्षेत्र नम्बर ३, रुपन्देहीका सभापति सुशील गुरुङको सभापतित्व, उपसभापति सुरेन्द्रजंग थापाको स्वागत तथा क्षेत्रीय सचिव एवं प्रवक्ता लेखनाथ भट्टराईको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# शिक्षकको बदमासीले ८ अंक ल्याउने विद्यार्थी पास !



**लबकुमार अधिकारी**
*प्यूठान*

गौमुखी पालिकाको वडा नम्बर ५ मा रहेको जनसहयोगी माध्यमिक विद्यालयमा ८ अंक ल्याएका विद्यार्थी पास भएका छन् । जाँचकले प्रदान गरेको प्राप्ताङ्कको "लेजर" हेर्दा र जनसहयोगी माविका प्र.अ.ले आफूखुसी इन्ट्री गर्दा उक्त विद्यार्थीलाई पास गराइएको हो ।

सोमबार गौमुखी गाउँपालिकाको कक्षा ८ र ५ को अन्तिम नतिजा परीक्षा समितिले सार्वजनिक गर्यो । पालिकाले प्रकाशन गरेको पालिकास्तरीय परीक्षामा कक्षा ५ का ४५.५३ प्रतिशत विद्यार्थी उत्तीर्ण भए भने कक्षा ८ मा ३०.३ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका थिए । जनसहयोगी माध्यमिक विद्यालयबाट परीक्षामा सहभागी भएका १७ जनामध्येका १५ जनालाई उत्तीर्ण गराइएको छ । सो तथ्याङ्क हेर्दा पालिकाले नै १५ नम्बरसम्म आएकालाई पास गराउने भन्ने निर्णय गरेपछि थप ३ जना विद्यार्थी पास भएका छन् । यसरी पालिकाले उद्दार गरेका ३ जनासहित ११ पुग्न जान्छ । उसो त ५० अंकको पूर्णाङ्कमा पास हुन १८ नम्बर लिन अनिवार्य छ । जुन कुरा पाठ्यक्रम विकास केन्द्र र राष्ट्रिय परीक्षा बोर्डको स्पष्ट मापदण्ड हो ।

तर यता गौमुखीमा भने ४ जना विद्यार्थीलाई निज विद्यालयका प्रधानाध्यापक एवं परीक्षा समितिका सदस्य अमृतबहादुर केसीले सिंगो पालिका र परीक्षा समितिलाई झुठो विवरण दिएर आफ्नो स्कुलका ४ जना विद्यार्थीलाई पास गराएका छन् । ति विद्यार्थीहरुको रोल नम्बर १००३ र संकेत नम्बर २४, प्राप्ताङ्क ११, त्यस्तै रोल नं. ९९० र संकेत २५, न्यूनतम प्राप्ताङ्क ८, ९९८ रोल नं. र संकेत २७ रोल प्राप्ताङ्क ११ छ भने १८७ रोल नम्बर र संकेत २८ रहेको विद्यार्थीको प्राप्ताङ्क १२ नम्बर मात्रै रहेको छ । केही समय अगावै सोही पालिकाका प्रमुख प्रशासकीय अधिकृत तुल्सीराम पौडेलले विद्यालयहरुमा प्रशिक्षण दिएका थिए ।

गाउँपालिकाले कम्तिमा पनि १५ नम्बर नल्याउनेलाई पुनः परीक्षाको मौका दिनेगरी परीक्षा मापदण्ड निर्धारण गरे पनि उल्लेखित ४ जना मध्येका न्यूनतम ८ अंकसहित ३ वटा विषय लागेका विद्यार्थीलाई पालिकाको नतिजा प्रविष्ट गर्दा अमृतबहादुरले मानोमानी ढंगले पास गराएको देखिन्छ । यसरी एउटा विद्यालयको शिक्षकले बदमासी गरेर सिंगो पालिका, सम्बन्धित विद्यालय र समग्र शैक्षिक क्षेत्रमै कालो धब्बा पोत्दा समेत पालिकाका जिम्मेवार सरोकारवालाहरु चुप लागेर बसेको स्थानीय ज्ञामुराम न्यौपाने बताए । यो निकै संवेदनशील विषय भएकाले छानवीन समिति बनाएर सो कार्यमा संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्ने उनको भनाइ छ ।

गाउँपालिकाका अध्यक्ष एवम् गाउँ शिक्षा समितिका प्रमुख समेत रहेका विष्णुकुमार गिरीले नतिजा प्रकाशनमा परीक्षा समितिबाट ठूलो बदमासी भएको स्वीकार गरेका छन् । 'अनुत्तीर्ण विद्यार्थीलाई नम्बर थपेर पास गराउने शिक्षकलाई कानुनी कारबाही हुन्छ,' अध्यक्ष गिरीले भने-'पास भनिएका विद्यार्थीलाई पुनः मौका परीक्षामा सहभागी गराउने निर्णय भएको छ ।'

त्यस्तै पालिका उपाध्यक्ष महावीर राना परीक्षाफल जस्तो संवेदनशील विषयमा विद्यालयका प्रअ तथा परीक्षा समितिको सदस्य पदमा बसेर नियोजित ढंगले बदमासी गर्ने काम निन्दनीय भएको बताउँछन् । यस्तो कार्यमा संलग्न भएका शिक्षकलाई नेपाल सरकारको मौजुदा ऐन नियमावली बमोजिम कारबाहीको दायरामा ल्याउने उनको भनाइ छ ।

बुधबार मात्रै परीक्षा समितिको बैठकमा निजले गल्ती स्वीकारेर परीक्षा समितिबाट राजीनामा दिएको र पास गरिएको विद्यार्थी लेजरमा फेल भएपछि पुनः मौका परीक्षामा सहभागी गराउने निर्णय भएको छ ।

# तिलोत्तमा गोल्डकपको फाइनलमा चर्च ब्वायज र एपीएफ भिड्ने



बुटवल । चर्च ब्वायज युनाईटेड ललितपुर बुटवलमा जारी २३औं तिलोत्तमा गोल्डकप प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

देवीनगरस्थित एन्फा टेक्निकल सेन्टरको खेलमैदानमा बिहीबार भएको प्रतिस्पर्धात्मक खेलमा मच्छिन्द्र एफसी काठमाडौंलाई ४-१ गोल अन्तरले पराजित गर्दै चर्च ब्वायज फाइनलमा पुगेको हो । अब चर्च ब्वायजले उपाधिका लागि विभागीय टिम एपीएफ क्लबसँग शनिबार फाइनल खेल्नेछ ।

बिहीबारको खेलमा ३६औं मिनेटमा चर्च ब्वायजका विदेशी खेलाडी अरमान बिउडोनले गोल गर्दै अग्रता दिलाएका थिए । खेलको ४२औं पाएको पेनाल्टीलाई अरमान बिउडोनले नै जाली चुमाएर दोस्रो गोल गरे भने ४४औं मिनेटमा राज भुसालको क्रसलाई गोलमा परिणत गर्दै अरमानले ह्याट्रिक पुरा गरे ।

खेलको ६५औं मिनेटमा राज भुसालको कर्नरलाई क्याप्टेन फकुने अबयोमीले डिबक्सभित्रबाट जाली चुमाउँदै आकर्षक गोल गरे ।

खेलको ८९औं मिनेटमा मच्छिन्द्रका एलेक्स विलियमले चर्चका गोलकिपर अजित चौधरीलाई बिट गर्दै सान्त्वना गोल गरे । खेलमा चर्च ब्वायजका फकुने अबयोमी प्लेयर अफ दी म्याचबाट पुरस्कृत भए ।

प्रतियोगिताको उपाधि विजेता टिमले नगद १२ लाख १२ हजार, उपविजेता टिमले ६ लाख, ६६ हजार, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिड फिल्डर, फरवार्ड, कोचलाई नगद जनही ३१ हजारका दरले नगद पुरस्कार तथा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर वा मोटरसाइकल उपहारबाट पुरस्कृत गरिने आयोजक एन्फा रुपन्देहीका महासचिव हिमाल गौचनले बताए ।

# हवाई टिकटमा लगाइएको कर हटाउन माग



काठमाडौं । हवाई टिकटमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउन पर्यटन व्यवसायीले माग गरेका छन् । नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) ले हवाई टिकटमा लगाइएको करबारे व्यवसायी एवं सरोकारवालासँग गरेको अन्तर्क्रियाका क्रममा वक्ताले हवाई टिकटको भ्याट हटाएर अरू विकल्प खोज्न सुझाव दिएका हुन् ।

साथै व्यवसायीले हवाई भाडा महँगो भएकै कारण विदेशबाट नेपाल आउन लागेका नेपाली नागरिकहरु विदेशी एयरलाइन्सको प्रयोग गर्न बाध्य भएको भन्दै नेपाल आगमनलाई सहज बनाउन आग्रह गरे । टिकट महँगिएकै कारण नेपाल आगमन हुने विदेशी पर्यटकमा असर परेको व्यवसायीको दाबी छ । नेपाल वायु सेवा सञ्चालक सङ्घका अध्यक्ष मनोज कार्कीले हवाई टिकटमा लगाइएको भ्याटले एयरलाइन्सलाई समेत असर परेको र हवाई यात्रु महँगो टिकट खरिद गर्न बाध्य भएको बताए । हवाई उड्डयन मात्र नभई पर्यटनका अन्य व्यवसायमा पनि यसको प्रत्यक्ष असर परेको उनको भनाइ छ ।

नेपाल पर्वतारोहण सङ्घका वरिष्ठ उपाध्यक्ष ठाकुरराज पाण्डेले समग्र पर्यटन क्षेत्रमा लगाइने करको नीतिगत रुपमा सहज बनाइनुपर्ने धारणा राखेका थिए । उनले आगामी आर्थिक वर्षको बजेटमा हवाई क्षेत्रलगायत पर्यटनका अन्य व्यवसायमा समेत लगाइने करमा हेरफेर गरिनुपर्नेमा जोड दिए ।

नाट्टाका पूर्वअध्यक्ष मधु आचार्यले सरकारले हवाई टिकटमा लगाएको करलाई हटाएर अन्य विकल्प खोज्न सुझाए । छिमेकी मुलुक भारतमा आन्तरिकमा पाँच प्रतिशत र विजनेस क्लासको टिकटमा १२ प्रतिशत कर लगाएको उदाहरण दिँदै नेपालको सन्दर्भमा कर व्यावहारिक नभएको उनले दाबी गरे । "हवाई टिकट महँगो भएकै कारण विदेशी पर्यटक आगमन खुम्चिएको छ," उनले भने-"पर्यटक आकर्षण गर्न हवाई टिकटमा भ्याट हटाएर अरू उपाय खोज्नु उपयुक्त हुन्छ ।"

रेष्टुरेण्ट एन्ड बार एसोसिएसन (रेबान) का अध्यक्ष सङ्घर्ष विष्टले हवाई टिकट महँगो भएकाले नेपाल आउने विदेशी पर्यटक पनि खुम्चिएको बताए । भ्याटले व्यावसायिक वातावरण नबनेको तथा समग्र व्यवसायमा असर परेको दाबी गरेका थिए । सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमार्फत् हवाई टिकटमा भ्याट लाग्ने व्यवस्था गरेको थियो ।

# समयमा काम नहुँदा दाउन्ने सडकखण्डको यात्रा कष्टपूर्ण



नवलपरासी।नारायणगढ-बुटवल सडकखण्डअन्तर्गत दाउन्ने क्षेत्रको यात्रा निकै कष्ट पूर्ण बनेको छ । सडक विस्तारका क्रममा दाउन्ने क्षेत्रको राजमार्ग भत्काइँदा अहिले यो खण्ड भएर यात्रा गर्नु निकै कठिन चुनौतीपूर्ण रहेको छ ।

सडक विस्तारका क्रममा भत्काइएका संरचनाहरू समयमै पुनर्निर्माण नहुँदा यात्रुहरू दिनहुँ कष्ट भोग्न बाध्य छन् । सडकखण्डको अन्य क्षेत्रमा धमाधम कालोपत्र गरिए पनि दाउन्ने क्षेत्रमा भने उबड-खाबड सडक, साँघुरा घुम्ती, निर्माणका लागि बनाइएका अस्थायी डाइभर्सन र धुलाम्मे बाटोले यात्रालाई कष्टकर बनाएको हो ।

यात्रु जीवन ढकालले भने-"दुम्कीवासदेखि दाउन्ने हुँदै बर्दघाटसम्मको बाटो निकै जोखिम पूर्ण छ । धुलो, धुवासँगै दुर्घटनाको जोखिम पनि उत्तिकै छ । दाउन्नेको बाटो छिचोल्न चार घण्टा लाग्यो ।" दाउन्ने खण्डमा धुलोका कारण दिउँसै 'हेड लाइट' बालेर हर्न बजाउँदै गाडीहरू गुडाउनुपर्ने बाध्यता छ । वैकल्पिक सडक नहुँदा यहाँ दिनहुँ सवारी जाम हुने समस्या उस्तै छ । फोन नलाग्ने, जङ्गल भएका कारण कहिलेकाहीँ यात्रु भोकभोकै बस्नुपर्ने अवस्था छ । दाउन्ने सडकको दुर्गति देखेर गाडी चालकहरू पनि हैरान छन् । ट्रक, बस, मोटरसाइकल सबैका लागि यो खण्ड जोखिमपूर्ण बनेको छ ।

चालक वसन्त खनाल भन्छन्-"१४ किलोमिटरको बाटो पार गर्न दुई-तीन घण्टा लाग्छ । लगातार धुलो खेप्नुपर्ने, गाडी हल्लिने र जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ । प्रायः सङ्घीय राजधानी काठमाडौंबाट आउने र मुलुकका अन्य स्थानबाट काठमाडौं जाने सवारीसाधन मध्यरातमा यहाँ पुग्दछन् । यो समयमा यात्रु र चालकले भोग्नुपर्ने सास्ती थप कष्ट पूर्ण हुने गरेको छ । बाटो नदेखिने गरी उड्ने धुलोका कारण दुर्घटनाको जोखिम पनि उस्तै छ ।"

इलाका प्रहरी कार्यालय दुम्कीवासका प्रहरी नायब निरीक्षक लक्ष्मण तनगामी पनि समयमा सडक निर्माण नहुँदा यस क्षेत्रको यात्रा निकै कष्टपूर्ण रहेको सुनाए । "दाउन्ने खण्डको सडक साँघुरो, उकालो-ओरालो, घुमाउरो मोड, एउटा गाडी बिग्रियो वा अर्कोले लेन क्रस गरेर अगाडि जान खोज्यो भने घण्टौं जाम हुन्छ", उनले भने-"भिरसहितको साँघुरो सडक भएकाले सवारीसाधन बिग्रिएपछि व्यवस्थापन गर्न पनि समय लाग्ने हुँदा जामको समस्या बढी हुने गरेको छ । हामीलाई पनि ट्राफिक व्यवस्थापनमा उत्तिकै समस्या छ ।"

यस खण्डमा हाल सडक विस्तारको कामअन्तर्गत कल्भर्ट निर्माण र सडक चौडा बनाउने काम भइरहेको छ । दाउन्ने क्षेत्रमा अधिकांश बाटो एकतर्फी मात्र सञ्चालनमा छन् । एकतर्फी बाटोमा मालवाहक सवारीसाधन बिग्रँदा घण्टौं आवागमन ठप्प हुने गरेको प्रहरी नायब निरीक्षक तनगामीले बताए । "नारायणगढ बुटवल सडकखण्डको बढी जोखिमपूर्ण मानिने दाउन्ने क्षेत्रमा पनि घ्यू खोला र ८३ मोड बढी दुर्घटना हुने क्षेत्र मानिन्छन् । हिजोआज यो खण्डमा सानोठूला सवारी दुर्घटना हुने क्रम पनि बढेको छ ।"-उनले भने ।

नारायणगढ-बुटवल सडक आयोजना पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालका अनुसार पूर्वी खण्डमा पर्ने ६५ किलोमिटर सडकमध्ये ४७ किलोमिटर एकतर्फी कालोपत्रको काम भएको छ । कल्भर्ट तथा बाँकी पुलको निर्माण, १३ स्थानमा बेस तथा सब-बेसका कामहरू भइरहेका छन् । दाउन्ने क्षेत्र पहाड भएकाले कटानको काम चलिरहेकाले यात्रा कष्टपूर्ण नै छ । आयोजनाअन्तर्गत पूर्वी खण्डको अहिलेसम्मको भौतिक प्रगति ५७ दशमलव सात प्रतिशत रहेको उनले जानकारी दिए ।

निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङका सहव्यवस्थापक राकेश झाले सवारी आवागमनमा अवरोध कम गर्ने गरी निर्माण कार्य गरिएको दाबी गरे । "हाल सडक विस्तारका लागि ६५० भन्दा बढी कामदार परिचालन गरेर काम भइरहेको छ । सडक आयोजनाको पूर्वी खण्डअन्तर्गत दाउन्ने क्षेत्रको सबैभन्दा कठिन पहाडी चट्टान कटान गसिकेका छौं ।"-उनले भने ।

उनका अनुसार नारायणगढ-बुटवल सडकको ११४ किलोमिटरअन्तर्गत गैंडाकोटदेखि दाउन्नेसम्मको ६५ किलोमिटरमध्ये बजार क्षेत्रमा सर्भिस लेनसहित छ र दाउन्नेको जोखिमपूर्ण क्षेत्रमा १४ किलोमिटर खण्डमा तीन लेनको सडक विस्तारको काम चलिरहेको छ ।

रु १७ अर्ब लागतमा निर्माण सुरु भएको यस आयोजनामा समयमा काम नभएपछि हालसम्म तीनपटक म्याद थपिएको छ । तेस्रो पटक थप गरिएको म्याद २०८२ साउन ८ गते सकिने छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरु
-नुन कम भएको स्वस्थ र पोषलो आहार खाने,
-तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने ।
-सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने ।
-चिकित्सकको सल्लाह पालन गर्ने ।
-चिकित्सकले सिफारिस गरेको औषधि नछुटाई खाने ।
-आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमहे, रक्तचाप (ब्लडप्रेसर),
मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं ।
स्वस्थ र दीर्घ जीवन बाँचौं ।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com